# विराटनगर महानगरपालिका

**बैठक संख्या: ४९**

**मिति: २०७६/६/ १७**

**बैठक प्रारम्भ:** विहान ९:०० बजे

**बैठक स्थगन:** १०:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | का.वा.सदस्य | श्री कुमारी कमला कट्टेल रिजाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

प्रतिलिपि

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ १ नं प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३१ | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३२ | आ.सहयोगी | राजेन्द्र प्रधान | |

**निर्णय नं.१**

हिन्दु धर्मालम्बीहरुको महान चाड विजया दशमी, शुभ दीपावली एवं छठ पर्व २०७६ को सुखद् उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

अपाङ्गता समन्वय समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सामाजिक विकास महाशाखाको प्रमुखलाई सदस्य सचिवमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

HIV / AIDS वाट संकमित बालवालिकाहरुको रेखदेख तथा संरक्षणको लागि उपप्रमुखज्यूको संयोजकत्वमा रहेको समितिले त्यस्ता वालवालिकाहरुको पहिचान गरी भरणपोषण र शिक्षादिक्षामा सहयोग प्रर्‍यानउ महानगरपालिकाको तर्फवाट समेत १६ वर्ष भन्दामुनिका प्रत्येक बालबालिकालाई मासिक रु. २०००।००( दुई हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४**

विराटनगर महानगरपालिका वडा नं.८ मा निर्माधिन पाथिभरा जेष्ठ नागरिक श्रद्धाश्रम निर्माणमा सहयोगी संस्थावाट प्रयाप्त रकम उपलब्ध हुन नसकेकोले उक्त आश्रममा साझेदारीको रुपमा रहने गरि कम्तिमा रु एक(१) करोड लगानी गर्ने र सोही परिसरको पुर्व उत्तर तर्फ कित्ता नं. ३०९ मध्येवाट ०–३–० (तिन कट्ठा) जमिन सुशिल कोईराला फाउण्डेशनले कार्यालय प्रयोजन तथा आवाश निर्माणका लागि जमिन प्रयोग गर्न वडा नं. ८ को वडा कार्यालयको मिति २०७६/०६/०८ को निर्णय अनुसार सुशिल कोईराला फाउण्डेशनलाई संरक्षण तथा प्रयोग गर्न दिने र सुशिला कोईराला फाउण्डेशन संग आश्राम निर्माण संचालन तथा व्यवस्थापनका विषयमा सम्झौता गर्न नगर नगर प्रमुख श्री भीम पराजुलीलाई अख्तियारी दिने समेत निर्णय गरियो ।

**निर्णय नं.५**

वडा नं. ३ स्थित श्री मानगढ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,मानगढ खानेपानी आयोजनाले महानगरपालिकावाट तांहाको कार्यालयको निर्वाचित कोषाध्यक्षलाई जिम्मेवारीवाट बंन्चित गरिएको सम्वन्धमा छलफल गर्नका लागि पत्रचार गर्दा समेत अटेर गरी स्थानीय सरकारको आदेशलाई समेत अपहेलना गरेको साथै विराटनगर स्थित विभिन्न खानेपानी उपभोक्ता समितिहरुको कामकारवाहीहरु सन्तोषजनक नरहेको अनियमितता भएको, सवै उपभोक्ताहरुको आवश्यकता र भावनाहरुलाई समेटेर निर्णय गर्नुपर्नेमा सो नभएको भन्ने सरोकारवालाहरुको वरोवर गुनासो स्थानीय सरकारको हैसियतले महानगरपालिकामा आएको सन्दर्भमा गुनासो न्यूनिकरण र सुधारका लागि देहाय अनुसारको अनुगमन

प्रतिलिपि

समिति निर्माण गरि प्रतिवेदन लिने साथै सो अनुगमन प्रतिवेदनवाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

क. विनोद कुमार वस्नेत,अध्यक्ष,वडा नं.३ संयोजक
ख. सम्वन्धित वडाको वडा अध्यक्ष सदस्य
ग. जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि सदस्य
घ. नेपाल खानेपानी संस्थानको प्रतिनिधि सदस्य
ङ कानून शाखा प्रमुख सदस्य
ङ वातावरण शाखा प्रमुख सदस्य सचिव

**निर्णय नं.६**

वडा नं. ८ मा निर्माणधिन पशु बधशालाको निर्माण कार्य अगाडि बढाउने सन्दर्भमा प्राविधिक परामर्श सेवा उपलब्ध गराईरहेको संस्था हेफर नेपालको विज्ञको समेत सुझावका आधारमा भौतिक निर्माण साथै मेशिनरी उपकरणहरु समेत संगसंगै जडान गर्दै कार्य गर्नुपर्ने विशेष प्रकृतिको आयोजना भएकोले Design and Build Model वाट खरिद प्रकृया अगाडि बढाउन स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं.७**

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको कार्यालयवाट सेवा प्रवाह गर्न स्थान र कार्यकक्षहरु कम भएकोहुंदा असुविधा भएकोले शिक्षा स्वास्थ्य तथा कृषि शाखाहरुलाई उपयुक्त हुने महानगरको आसपासमा रहेको भवन कार्यालय संचालनका लागि अर्को व्यवस्था नभएसम्मका लागि भाडामा लिई लिई संचालन गर्न प्रकृया अगाडि बढाउन अनुमति प्रदान गर्ने ।

**निर्णय नं.८**

प्रदेश कानूनले वडा समितिहरुको बैठक संख्या खुला राखेको सर्न्दभमा एकरुपता कायम गर्न साथै वैठकभत्ता उपलब्ध गराउने प्रयोजनका लागि मासिक अधिकतम ६ बैठक संख्या कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

वडा नं. १० मा पायक पर्ने स्थानमा सार्वजनिक खुल्ला/जमिनको अभाव भएको कारण पार्क निर्माण गर्न नसकिएको हुदां पासाङ्ग मार्गमा रहेको अन्दाजी ५ कठ्ठा खाली जग्गा नेपाल एयरलाईन्स तथा नागरिक उड्डयान प्राधिकरणको स्वामित्वमा रहेको बुझिएकोले उक्त खाली जमिन पार्क निर्माणका लागि उपयुक्त भएकोले सम्वन्धीत निकायसंग समन्वय गरि न्यूनतम १०/१५ वर्षका लागि बहुबर्षिय लिज/भाडामा वडा/महानगरलाई जग्गा उपलब्ध हुने भए सो प्रकृया अगाडि बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

मुख्य बजार क्षेत्रमा कवाडी संकलन केन्द्र,गाडि ग्यारेज र गोदाम घर संचालन भएको कारण शहरको सौर्न्दयता विग्रने,प्रदुषण हुने तथा अधिक भार भएका सवारी साधनहरुको आवागमनले ट्राफिक व्यवस्थापनमा असहजता पैदा भएको साथै सडकहरु चांडै भत्किने भई सडक निर्माण र मर्मत सम्भारमा ठूलो धनराशी खर्चाहुने भएकोले देहाय अनुसारको अध्ययन तथा सुझाव सिफारिश समिति गठन गरी के कस्ता व्यवसाय तथा प्रतिष्ठानहरुलाई के कति क्षेत्र भन्दा बाहिर राख्ने? सडकको क्षमता अनुसार कति भारबहन भएका सवारीहरुलाई प्रवेश दिने आदि विषयमा प्रतिवेदन लिई सो को कार्यान्वयन गर्ने ।

१. उद्धव अर्याल,अध्यक्ष वडा नं.१ संयोजक
२. वडा नं. २/७/८/९/१० वडा अध्यक्ष सदस्य
३.RUDP आयोजनाको प्राविधिक/सिभिल ईन्जिनियर सदस्य
४. वातावारण शाखाको प्रमुख सदस्य
५.उद्योग/ब्यापार संगठनका प्रतिनिधि १/१ जना सदस्य
६. जिल्ला ट्राफिक प्रहरीका प्रमुख सदस्य
७. योजना महाशाखाका प्रशासन सेवाका अधिकृत सदस्य सचिव

प्रतिलिपी